संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - २६ र २७

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल असार ३ गते शुक्रबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै निम्नलिखित मा० सदस्यहरुले गए रातीको अविरल वर्षाका कारण ताप्लेजुङ्गको जिल्लाको विभिन्न स्थानमा बाढी पहिरो जानुको साथै शिरिजङघा गाउँपालिकामा एकै घरका दुईजनाको मृत्यु एवं कैयौं घाइते भएको र थुप्रै बाली नष्ट भएकोले सरकारको तर्फबाट उचित राहत तथा उद्धार गरिनुपर्ने, बारा जिल्लाको जितपुरसिमरा उपमहानगरपालिका ६ निवासी युवा व्यवसायीको हत्याका सम्बन्धमा उच्चस्तरीय छानविन समिति गठन गरी सत्य तथ्य पत्ता लगाउन र अपराधीलाई हदैसम्मको कारवाही हुनुपर्ने, भक्तपुरका भुकम्प पिडितले हालसम्म दोस्रो र तेस्रो किस्ता बापतको रकम प्राप्त नगरेको, हनुमन्ते खोलाबाट डुबान पिडित जनतालाई राहत दिनुपर्ने, ललितपुरको इमाडोलमा एकजना व्यवसायीले घरमा रहेकी बालिकामाथि गरेको बलात्कार मुद्दामा जिल्ला न्यायाधिवक्ता कार्यालयका सरकारी वकिललाई मुद्दा कमजोर बनाउन दबाव दिएको विषयमा गम्भिरतापूर्वक छानविन हुनुपर्ने लगायतका विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री योगेश कुमार भट्टराई
२. मा० श्री एकवाल मियाँ
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री कृष्णभक्त पोखेल

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री अतहर कमाल मुसलमान
२. मा० श्री अमनलाल मोदी
३. मा० श्री अमृता थापा
४. मा० श्री आशा कुमारी वि.क.
५. मा० श्री ईन्दु कुमारी शर्मा
६. मा० श्री उमाशंकर अरगरिया
७. मा० श्री कु. तुल्सी थापा
८. मा० श्री कृष्ण गोपाल श्रेष्ठ
९. मा० श्री कृष्ण प्रसाद दाहाल
१०. मा० श्री कृष्ण बहादुर राई
११. मा० श्री केदार सिग्देल
१२. मा० श्री खगराज अधिकारी
१३. मा० श्री खेमप्रसाद लोहनी
१४. मा० श्री गजेन्द्र बहादुर महत
१५. मा० श्री गणेश कुमार पहाडी
१६. मा० श्री गोपाल बहादुर बम
१७. मा० श्री गंगा चौधरी (सत्गौवा)
१८. मा० श्री घनश्याम खतिवडा
१९. मा० श्री जिपछिरिङ लामा
२०. मा० श्री झपट बहादुर रावल

तत्पश्चात अर्थ समितिका मा० सभापति श्री कृष्ण प्रसाद दाहालले “सार्वजनिक ऋण व्यवस्थापन विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७९” र “बीमा विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७९” पेश गर्नुभयो ।

त्यसपछि मा० गृह मन्त्री श्री बालकृष्ण खांणले “सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम विधेयकमाथि कुनैपनि मा० सदस्यको विरोधको सूचना प्राप्त नभएकोले मा० गृह मन्त्री श्री बालकृष्ण खांणले “सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९” प्रस्तुत गर्नुभयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री बालकृष्ण खांणले “तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेश गर्नुभयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम विधेयकमाथि कुनैपनि मा० सदस्यको विरोधको सूचना प्राप्त नभएकोले मा० गृह मन्त्री श्री बालकृष्ण खांणले “तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९” प्रस्तुत गर्नुभयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री बालकृष्ण खांणलाई “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेश गर्नुभयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम विधेयकमाथि कुनैपनि मा० सदस्यको विरोधको सूचना प्राप्त नभएकोले मा० गृह मन्त्री श्री बालकृष्ण खांणले "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९" प्रस्तुत गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक आजै पन्ध्र मिनेटपछि बस्नेगरी आजको बैठक दिनको २:०५ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको २:४० बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० गृह मन्त्री श्री बालकृष्ण खांणले "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री पार्वता डि.सी. (चौधरी)
३. मा० श्री मन कुमारी जि.सी.
४. मा० श्री रेनुका गुरुङ्ग
५. मा० श्री कृष्णभक्त पोखेल
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री बिमला वि.क.
८. मा० श्री मिना सुब्बा
९. मा० डा० पुष्पा कुमारी कर्ण कायस्त
१०. मा० श्री सञ्जय कुमार गौतम
११. मा० श्री आशा कुमारी वि.क.
१२. मा० श्री समिना हुसेन
१३. मा० श्री गंगा चौधरी (सत्गौवा)
१४. मा० श्री विमला विश्वकर्मा

तत्पश्चात मा० गृह मन्त्री श्री बालकृष्ण खांणले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० गृह मन्त्री श्री बालकृष्ण खांणले "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्नुभयो ।

तत्पश्चात "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री कृष्णभक्त पोखेल
२. मा० श्री नवराज सिलवाल
३. मा० श्री मन कुमारी जि.सी.
४. मा० श्री रेखा कुमारी
५. मा० श्री विमला वि.क.
६. मा० श्री गोमा देवकोटा
७. मा० श्री दिव्यमणि राजभण्डारी
८. मा० श्री लिला देवी सिटौला
९. मा० श्री रेनुका गुरुङ्ग
१०. मा० श्री पार्वता डि.सी. (चौधरी)
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री नविना लामा
१३. मा० श्री विना कुमारी श्रेष्ठ
१४. मा० श्री विमला विश्वकर्मा
१५. मा० श्री राजेन्द्र कुमार के.सी.
१६. मा० श्री कु. तुल्सी थापा
१७. मा० श्री सञ्जय कुमार गौतम

त्यसपछि मा० गृह मन्त्री श्री बालकृष्ण खांणले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले आजको कार्यसूचीको बाँकी कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल असार ६ गते सोमबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक दिनको ४:५५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव